# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, माघ २५ गते, २०७९ साल (संख्या १७

## भाग-२

## प्रदेश लोक सेवा आयोग

### कर्णाली प्रदेश, सुर्खेतको

### सूचना

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ बमोजिम प्रदेश लोक सेवा आयोगको मिति २०७९।१०।१५ को निर्णयबाट स्वीकृत तल लेखिए बमोजिमको “प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०७९” सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०७९

प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को नियम ३ मा संशोधनः** प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (१) मा रहेका "असार मसान्त सम्म" भन्ने शब्दहरुको सट्टा "चालु आर्थिक वर्षको असार मसान्त सम्म" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम ५ मा संशोधनः** मूल नियमावलीको नियम ५ को,-

(१) नियम शिर्षक र उपनियम (१) मा रहेका "पाठ्यक्रम निर्माण समिति" भन्ने शब्दहरुको सट्टा "पाठ्यक्रम निर्धारण समिति" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (१) मा रहेको "निर्माण" भन्ने शब्दको पछि "वा परिमार्जन" भन्ने शब्दहरु थपिएका छन्।

(३) उपनियम (१) को खण्ड (ङ) मा रहेको "(कम्तिमा सातौ तह)" भन्ने शब्द तथा चिन्हहरु झिकिएका छन्।

(४) उपनियम (२) को "पाठ्यक्रम निर्माण समिति" भन्ने शब्दहरुको सट्टा "पाठ्यक्रम निर्धारण समिति" भन्ने शब्दहरु राखिएका छन्।

(५) उपनियम (३) को "अधिकृत सातौं तह" भन्ने शब्दहरु पछि "वा सो सरह" भन्ने शब्दहरु र "एक तह माथिको" भन्ने शब्दहरु पछि "वा सो सरह" भन्ने शब्दहरु थपिएका छन्।

(६) उपनियम (४) को "पाठ्यक्रम" भन्ने शब्द पछि रहेको "निर्माण" भन्ने शब्दको सट्टा "निर्धारण" भन्ने शब्द राखिएको छ।

४. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ मा रहेका "प्रदेश सेवाको परीक्षा र प्रदेश प्रहरी सेवाको" भन्ने शब्दहरु झिकिएका छन्।

५. **मूल नियमावलीको नियम ७ मा संशोधनः** मूल नियमावलीको नियम ७ मा रहेका "कम्तिमा वर्षको एक पटक" भन्ने शब्दहरुको सट्टा "वर्षको कम्तिमा एक पटक" भन्ने शब्दहरु राखिएका छन्।

६. **मूल नियमावलीको नियम ८ मा संशोधनः** मूल नियमावलीको नियम ८ मा "स्थान वा अनलाईनबाट" भन्ने शब्दहरुको सट्टा "स्थान र बिधिबाट" भन्ने शब्दहरु राखिएका छन्।

७. **मूल नियमावलीको परिच्छेद- ४ क. थपः-**

**"परिच्छेद- ४क.**

**प्रश्नपत्र परिमार्जन, छपाई तथा भण्डारण**

९क. **प्रश्नपत्र परिमार्जनः** (१) ऐनको दफा २८ को उपदफा (६) बमोजिम प्रश्नपत्र परिमार्जन गर्नको लागि सम्बन्धित दक्ष विज्ञ वा विशेषज्ञ आवश्यक संख्यामा उपलब्ध नभएको कारणले तीन सेट प्रश्नपत्र निर्माण हुन नसक्ने भएमा प्रत्येक विषयको दुई सेट परिमार्जित प्रश्नपत्र बनाउने निर्णय गर्नुपर्नेछ।

(२) आयोगको प्रश्नपत्र परिमार्जन शाखामा काम गर्ने कर्मचारी शाखामा कार्यरत रहँदा र सो शाखा छोडेको कम्तीमा एक वर्षसम्म आयोगबाट लिईने कुनै पनि परीक्षामा परीक्षार्थीको रुपमा सहभागी हुन पाउने छैन।

**९ख.** **<u>प्रश्नपत्रको छपाई तथा भण्डारः</u>** (१) ऐनको दफा २९ बमोजिमको प्रश्नपत्र भण्डार सचिवको सामान्य रेखदेख र नियन्त्रण तथा महाशाखा प्रमुखको सुपरिवेक्षणमा सम्बन्धित शाखा प्रमुखको जिम्मामा रहनेछ।

(२) परिमार्जन र लिखित परीक्षामा प्रयोग भई बाँकी रहेका प्रश्नपत्रहरुको सेट प्रश्नपत्र भण्डारमा राख्नु पर्नेछ।

(३) प्रश्नपत्र भण्डारमा मौज्दात रहेका कच्चा प्रश्नपत्र र परिमार्जित प्रश्नसेट पछिल्ला समयमा सञ्चालन हुने लिखित परीक्षाहरुमा प्रयोग गर्न वाधा पर्ने छैन।"

**८.** **<u>मूल नियमावलीमा नियम ११ क. थपः</u>** मूल नियमावलीको नियम ११ पछि देहायको नियम ११क. थपिएको छः-

"**११क.** **<u>दोहोरो परीक्षण गराउन सकिनेः</u>** (१) आयोगले तोकेको कुनै पदको परीक्षाको लागि उत्तरपुस्तिका दुई जना दक्ष विज्ञ वा विशेषज्ञबाट दोहोरो परीक्षण गराउन सकिनेछ।

(२) आयोगले उपनियम (१) बमोजिम उत्तरपुस्तिका परीक्षण गराउने निर्णय गरेमा पहिलो परीक्षकले आयोगले उपलब्ध गराएको छुट्टै प्राप्ताङ्क तालिकामा र दोस्रो परीक्षकले उत्तरपुस्तिकामा प्राप्ताङ्क उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम परीक्षण गरिएका उत्तरपुस्तिकामा दुवै परीक्षकद्वारा दिईएको प्राप्ताङ्क जोडी त्यसको औषत निकाली प्राप्ताङ्क गणना गरिनेछ।"

९. **<u>मूल नियमावलीको नियम १५ मा संशोधनः</u>** मूल नियमावलीको नियम १५ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) अन्तर्वाताकारले अन्तरवार्ता लिंदा अनुसूची-३क. मा उल्लिखित विषयमा ध्यान दिनुपर्नेछ।

**१०.** **<u>मूल नियमावलीको नियम २० मा संशोधनः</u>** मूल नियमावलीको नियम २० को,-

(१) नियम शिर्षकमा रहेको “परामर्श” भन्ने शब्दको सट्टा “परामर्श माग” भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेका “समुह समुह” भन्ने शब्दको सट्टा “समुह” भन्ने शब्द राखिएको छ।

१०. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची-२ को खण्ड १ को क्रमसंख्या ९ मा रहेका “२० प्रतिशत” भन्ने शब्दहरुको “पच्चीस प्रतिशत” भन्ने शब्दहरु राखिएका छन्।

(२) अनुसूची -३ को सट्टा देहायको अनुसूची -३ राखिएको छः-

**“अनुसूची - ३**

**(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)**

**<u>अन्तर्वार्ताको मूल्याङ्कन फाराम</u>**

विज्ञापन नं. : ..............................सेवा/समूह/उपसमूह : ....................

तह :........................... पदः....................................

अन्तर्वार्ता मिति : ..................................................

समावेशी समूह अनुसार माग पद संख्या :

| किसिम | खुला | महिला | आदिवासी जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | |

अन्तर्वार्ताको लागि छनौट भएका जम्मा उम्मेदवार संख्या :

अन्तर्वार्ताको पूर्णाङ्क :

| क्र.सं. | रोल | उम्मेदवारको | प्राप्ताङ्क (सामान्य ज्ञान, विषय | कैफियत |
|---|---|---|---|---|

| | नं. | नाम, थर | सम्बन्धी ज्ञान र व्यक्तित्व) | | |
|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबु, आमाको तीन पुस्ता भित्रको नातेदार, सासु-ससुरा, पति, पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, आमाजू, नन्द, जेठाजु, जेठानी, देवर, देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइ, मामा-माइजू, फुपु-फुपाजू, जेठी सासू, साढु दाइ-भाई, जेठान, साला-साली, मित-मितिनी, धर्मपुत्र र धर्मपुत्री तिनका छोराछोरी नाता पर्दैन।

अन्तर्वार्ता समितिको अध्यक्ष/सदस्यको दस्तखत : ..............................................

नाम, थर : ......................................

पद : ................................................

मिति : ..............................................

**द्रष्टव्य :**

(१) अन्तर्वार्ता लिइन लागेको पदको विज्ञापनमा अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यहरूका माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै नाता पर्ने भएमा त्यस्तो अन्तर्वार्ताकर्ताले उक्त समूहको सो दिनको अन्तर्वार्तामा भाग लिनु हुंदैन।

(२) अन्तर्वार्तामा अधिकतम सत्तरी प्रतिशत भन्दा बढी र न्यूनतम चालीस प्रतिशत भन्दा कम अङ्क दिंदा पुष्ट्याई दिनु पर्नेछ।

(३) अनुसूची-३ पछि देहायको अनुसूची-३क थपिएको छ।

**“अनुसूची-३क**

(नियम १५ को उपनियम (१क) सँग सम्बन्धित)

<u>अन्तर्वार्ता गर्दा अन्तर्वार्ताकर्ताले ध्यान दिनु पर्ने कुरा</u>



आन्तरिक मामिला तथा कानून मन्त्रालय

१. पदको कार्य विवरण

यस अन्तर्गत सर्वप्रथम काम तथा पदको कार्यविवरण हेर्नु पर्नेछ।

२. दरखास्त विवरण अध्ययन

दरखास्त विवरण अध्ययन गरी उम्मेदवारको शैक्षिक उपलब्धि, अनुभव, अभिरुची आदि उल्लिखित बायोडाटालाई ध्यान दिनुपर्नेछ।

३. (क) सेवा, समूह सम्बन्धी ज्ञान

उम्मेदवारको सेवा, समूह सम्बन्धी कामको ज्ञान, अनुभव सम्बन्धित क्षेत्रको अध्यनय एवं प्रकाशित कृति, तालीम आदि कुराहरू पदका लागि कति उपयोगी छन, निजले कुनै पदमा रही काम गरी सकेको भए त्यस बारे निजको ज्ञान कतिको छ र हालको पदसँग निजले प्राप्त गरेको ज्ञानको कतिको सम्बन्ध छ? आदि कुरालाई ध्यान दिनुपर्नेछ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय सम्बन्धी ज्ञान

देशको सामाजिक, आर्थिक, राजनैतिक र अन्तर्राष्ट्रिय विषय सम्बन्धी जानकारी लिनु पर्नेछ।

(ग) कामको अनुभव

यस सन्दर्भमा विज्ञापित पदसँग सम्बन्धित काममा कुन तहमा कति वर्ष रही अनुभव प्राप्त गरेको छ, पदको काममा विशेष योगदान एवं अनुभव भएमा सो सम्बन्धी विषयमा दक्ष एवं विशेषज्ञले दृष्टि दिने।

(घ) रुचि

सम्बन्धित पद सम्बन्धी शिक्षा प्राप्त गरे तापनि त्यस पदका निम्ति व्यक्तित्व र वास्तविक अभिरुची छ कि छैन, सो बारे ध्यान दिनु पर्नेछ।

४. अतिरिक्त क्रियाकलाप

सामाजिक, पारिवारिक, व्यावसायिक, खेलकुद, मनोरञ्जन, शौख आदि क्रियाकलापमा कुन प्रकारको संलग्नता छ? आदि कुरामा जानकारी लिने।

५. <u>व्यक्तित्व परीक्षण</u>

यस परीक्षणबाट उम्मेदवारको गुण अवगुण केलाउन सकिन्छ, जसका आधार मुख्य दुई प्रकारका छन्ः -

(क) संगठनात्मक व्यवहार प्रदर्शन

यस अन्तर्गत उम्मेदवारको अभिव्यक्ति मनोबृत्ति, अभिरुचि, चिन्तन-शक्ति, बौद्धिक स्थिति, महत्वाकांक्षा, सहयोगी भावना आदि विषयहरू संगठित देखिएमा एक गुणी उम्मेदवारको रुपमा मूल्यांकन गर्न सकिन्छ।

(ख) असंगठनात्मक व्यवहार प्रदर्शन

अस्पष्ट बोल्ने, भकभकाउने, हडबडाउने, अपरिपक्वता, असन्तुष्टि, अस्वस्थता, असामाजिकता आदि व्यवहारबाट उम्मेदवारलाई अवगुणी एवं असन्तुलित व्यक्तित्वको रुपमा चिनिन्छ।

६. अन्तरवार्तामा अधिकतम ७० भन्दा बढी र न्यूनतम ४० भन्दा कम अङ्क दिंदा पुष्ट्याई दिनु पर्नेछ।"

(३) अनुसूची –५ को क्र.सं. (५) मा "२१ र सो भन्दा माथिको जतिसुकै भएपनि २० प्रतिशत" भन्ने शब्द तथा अङ्कहरुको सट्टा "२१ र सो भन्दा माथिको जतिसुकै भएपनि २५ प्रतिशत" भन्ने शब्द तथा अङ्कहरु राखिएका छन्।

निर्णय भएको मितिः २०७९/१०/१५

आज्ञाले,
नारायण प्रसाद भट्टराई
प्रदेश लोक सेवा आयोगको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय